# +नेपाल पर्यटन तथा होटल व्यवस्थापन समिति (गठन) आदेश, २०२९

नेपाल राजपत्रमा प्रकाशित मिति
२०२९।१२।१३
पहिलो संशोधन, २०३४।४।१०
दोश्रो संशोधन, २०३६।३।४
तेश्रो संशोधन, २०५५।११।२४

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको आदेश जारी गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस आदेशको नाम "नेपाल पर्यटन तथा होटल व्यवस्थापन समिति (गठन) आदेश, २०२९" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. **गठन र समितिको कार्यालय रहने स्थानः** (१) नेपाल पर्यटन तथा होटल व्यवस्थापन समिति (त्यसपछि समिति भनिएको नामको एउटा समिति गठन गरिएको छ ।

x(२) उपदफा (१) बमोजिमको समितिमा देहायका सदस्यहरु रहनेछन् :-

| | | |
|---|---|---|
| (क) | सचिव, पर्यटन मन्त्रालय | - अध्यक्ष |
| (ख) | महानिर्देशक, श्रम विभाग | - सदस्य |
| (ग) | प्रतिनिधि, राष्ट्रिय योजना आयोग | - सदस्य |
| (घ) | प्रतिनिधि, अर्थ मन्त्रालय | - सदस्य |
| (ङ) | अध्यक्ष, ट्रेकिङ्ग एजेन्ट्स एशोसिएशन अफ नेपाल | - सदस्य |
| (च) | अध्यक्ष, नेपाल एशोसिएशन अफ ट्राभल एजेन्ट्स | -सदस्य |
| (छ) | अध्यक्ष, होटल एशोसिएसन अफ नेपाल | - सदस्य |
| (ज) | प्रमुख कार्यकारी अधिकृत, नेपाल पर्यटन बोर्ड | - सदस्य |
| (झ) | कार्यकारी निर्देशक, नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान | - सदस्य-सचिव |

(३) नेपाल सरकारले आवश्यक र उचित देखेमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी समितिको सदस्यमा हेरफेर वा थपघट गर्न सक्नेछ ।

(४) समितिको होटल व्यवस्थापन तथा पर्यटन तालीम सम्बन्धी @स्वदेशी वा विदेशी विशेषज्ञहरुलाई समितिको बैठकमा सल्लाहकारको

---

+ तेश्रो संशोधनद्वारा रुपान्तरित ।

x तेश्रो संशोधनद्वारा रुपान्तरित ।

@ पहिलो संशोधनद्वारा थप

रुपमा आमन्त्रित गर्न सक्नेछ । त्यस्तो आमन्त्रित सल्लाहकारले छलफलमा भाग लिन सक्नेछ तर मतदान गर्न पाउने छैन ।

(५) समितिमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा मात्र अध्यक्षले निर्णयात्मक मत दिन पाउनेछ ।

(६) अध्यक्ष र सदस्य सचिवको अतिरिक्त कम्तिमा तीन सदस्य उपस्थित रहेमा समितिको गणपूरक संख्यापूरा भएको मानिनेछ ।

$(७) ...

३. **समितिको काम, कर्तव्य र अधिकारः** ~(१) नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठानलाई सुचारु रुपले सञ्चालन गर्नु समितिको कर्तव्य हुनेछ ।

(२) उपदफा (१) बमोजिम उद्देश्य पूर्तिको लागि समितिले देहायका कामहरु गर्नेछ :-

(क) समितिको आवश्यक आधारभूत कुराहरुको श्रृजना र सञ्चालन गरी बढावा दिने र यसलाई सक्षम र प्रभावकारी तुल्याउने र विकास गर्दै लैजाने,

(ख) =समितिलाई सक्षम र प्रभावकारी बनाउनमा के कस्तो कमी र त्रुटी छ त्यसलाई सकभर हटाई सुधार ल्याउनेतर्फ आवश्यक काम कारवाही गर्ने,

(ग) होटल उद्योग र पर्यटन उद्योगको व्यवस्थाको विकासमा समन्वय र एक रुपता ल्याउने खालको काम कारवाही गर्ने तथा त्यस्तो किसिमको काम कारवाहीलाई प्रोत्साहन तथा बढावा दिने,

(घ) होटल तथा पर्यटन उद्योगको विकासलाई आवश्यक पर्ने उच्चस्तरीय शैक्षिक कार्यक्रम तथा तालीम सञ्चालन गर्ने र सो सँग सम्बन्धित अन्य विषयहरुमा सर्भेक्षण, अन्वेषण र अध्ययन गर्ने ।

*(घ१) होटल व्यवस्थापन तथा पर्यटन तालीम लिने व्यक्तिलाई व्यवहारिक ज्ञान दिलाउने रेष्टुराँ तथा आवास गृहको सञ्चालन गर्ने,

(ङ) होटल व्यवस्थापन तथा पर्यटन तालीमको व्यवस्था सम्बन्धमा नेपाल सरकारको नीति र सिद्धान्तलाई सही रुपमा कार्यानवयन गर्ने, त्यस्तो नीति र

---

$ दोश्रो संशोधनद्वारा झिकिएको

~ तेश्रो संशोधनद्वारा संशोधित

= तेश्रो संशोधनद्वारा थप

* दोश्रो संशोधनद्वारा थप

सिद्धान्तको कार्यान्वयन भए नभएको रेखदेख वा जाँचबुझ गर्ने वा सफलतापूर्वक कार्यान्वयन नभएको देखिएमा सो कार्यान्वयन गर्न आवश्यक कदम उठाउने,

(च) ~समितिलाई आवश्यक जग्गा, घर खरीद गर्ने वा बहालमा लिने र अन्य आवश्यक जिन्सी मालसामान र चीज वस्तुहरु उपलब्ध गराउन व्यवस्था मिलाउने,

=(छ) समितिको नीति निर्धारण गर्ने र समितिबाट स्वीकृत कार्यक्रम लागू गर्ने,

(ज) कार्यकारी निर्देशकलाई आवश्यक निर्देशन दिने,

(झ) समितिको वार्षिक प्रतिवेदन नेपाल सरकार समक्ष पेश गर्ने,

(ञ) समितिको वार्षिक आय-व्ययको अनुमान वा पूरक अनुमानलाई हेरफेर गरी वा नगरी स्वीकृत गर्ने,

(ट) आफ्नो काम, कर्तव्य र अधिकारको पालन र प्रयोगको लागि नेपाल सरकारको पूर्व स्वीकृति लिई नियम बनाउने,

&(ठ) ....

**३.क कार्यकारी निर्देशकको नियुक्तिः** (१) नेपाल सरकारले समितिको प्रशासकीय प्रमुखको रुपमा काम गर्न एक जना कार्यकारी निर्देशकको नियुक्ति गर्न वा कुनै निजामती कर्मचारीलाई तोक्न सक्नेछ ।

(२) कार्यकारी निर्देशकको पदावधि चार वर्षको हुनेछ ।

(३) कार्यकारी निर्देशकको पारिश्रमिक, सेवाको शर्त तथा सुविधा सम्बन्धी व्यवस्था नेपाल सरकारले तोकेबमोजिम हुनेछ ।

**४. अधिकार प्रत्यायोजन गर्न सकिनेः** समितिले आफ्नो केही वा सबै अधिकार समितिको कुनै सदस्य वा सदस्यहरुको उपसमितिलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**५. समितिको कार्यकारी निर्देशकको कर्तव्यः** समितिको कार्यकारी निर्देशकको काम र कर्तव्य देहाय बमोजिम हुनेछ :-

%(क) समितिको स्वीकृत कार्यक्रमलाई कार्यान्वित गर्ने ।

~ तेश्रो संशोधनद्वारा संशोधित

= तेश्रो संशोधनद्वारा थप

& तेश्रो संशोधनद्वारा झिकिएको

% दोश्रो संशोधनद्वारा संशोधित

*(ख) अध्यक्षसँग परामर्श गरी वार्षिक कार्यक्रम र वार्षिक आयव्ययको अनुमान र पूरक अनुमान तयार गरी समितिमा पेश गर्ने,

(ग) समितिले गरेको निर्णय, आदेश र काम कारवाहीलाई प्रमाणित गर्ने ।

६. **समितिबाट अधिकृत कर्मचारीले ठेक्का पट्टा गर्न पाउने:** समितिको तर्फबाट ठेक्का पट्टा गर्न पर्दा समितिको सचिव वा समितिबाट अधिकार प्राप्त कुनै कर्मचारीले गर्न सक्नेछ । यसरी गरिएको ठेक्का पट्टा वा कारोबार समितिले गरेको मानिनेछ ।

७. **समितिको कोष र आर्थिक कारोबार:** (१) समितिको कोषमा देहायका रकमहरु रहनेछन् र समितिको सबै खर्च सो कोषबाट व्यहोरिनेछ :-

(क) नेपाल सरकारबाट प्राप्त अनुदान,

(ख) नेपाल सरकारमार्फत कुनै विदेशी सरकार वा अन्तर्राष्ट्रिय संघ संगठनबाट प्राप्त अनुदान वा ऋण,

(ग) अन्य कुनै स्रोतबाट प्राप्त हुन आएको रकम ।

(२) समितिको कोषको सञ्चालन समितिले तोके बमोजिम गरिनेछ ।

(३) समितिको कोषको रकमहरु नेपाल राष्ट्र बैंक रहेकोमा सोही बैंकमा र सो बैंक नरहेको ठाउँमा समितिले तोकेको बैंकमा रहनेछ ।

(४) समितिको आय व्ययको लेखा नेपाल सरकारद्वारा स्वीकृत श्रेस्ता प्रणालीमा राखिनेछ ।

८. **समितिको लेखापरीक्षण:** (१) नेपाल सरकारले तोकेको लेखापरीक्षकबाट समितिको हिसाव किताबको लेखापरीक्षण गराइनेछ ।

(२) नेपाल सरकारले चाहेमा तोकेको अधिकृत वा लेखा परीक्षकद्वारा जुनसुकै बखत पनि समितिको हिसाव किताव जचाउन सक्नेछ ।

९. **नेपाल सरकारसँग सम्पर्क:** समितिले नेपाल सरकारसँग सम्पर्क राख्दा पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

~१०. **समितिको कार्यालय र नामाकरण:** समितिको कार्यालय काठमाडौं उपत्यकामा रहनेछ र सो कार्यालय नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठानको नामले प्रचलित हुनेछ ।

---

* पहिलो संशोधनद्वारा संशोधित

~ तेश्रो संशोधनद्वारा संशोधित